## सूचना ५

नेपाल सरकारले हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६को नियम ३३ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखेकोले यो सूचना प्रकाशन गरिएको छः-





"अनुसूची—२
(नियम ४ र ११ सँग सम्बन्धित)

**दस्तुर**

| क्र.सं. | विवरण | कायम गरिएको दस्तूर (रु.) | | |
|---|---|---|---|---|
| | | नेपाली नागरिक | सार्क मुलुकका नागरिक | अन्य विदेशी नागरिक |
| (क) | १. राष्ट्रिय निकुञ्जको प्रवेश दस्तूर (प्रति व्यक्ति प्रति प्रवेश) (१० वर्ष मुनिका बालबालिकालाई प्रवेश दस्तूर लाग्ने छैन ।) | १००।- | १,५००।- | ३,०००।- |
| | २. पर्यटकीय भरियालाई राष्ट्रिय निकुञ्ज प्रवेश दस्तूर | २५।- | | |
| (ख) | १.माछा मार्ने दस्तूर (बल्छीले मात्र प्रति व्यक्ति प्रति दिनको लागि) | ३,००।- | १,५००।- | २,५००।- |
| (ग) | क्याम्पिङ (प्रति व्यक्ति प्रति प्रवेश) | १००।- | १०००।- | १,५००।- |
| (घ) | तालीम प्राप्त पञ्जीकृत गाइडले आरक्षभित्र गाइड सेवा उपलब्ध गराए बापत प्रति गाइडप्रति वर्ष गाइड | १,५००।- | | |

| | | |
|---|---|---|
| | शुल्क बापत | |
| (ङ) | हेलिकप्टर अवतरण / Hovering समेत (प्रत्येक पटकको लागि) | ३,०००।- |
| (च) | चरीचरन दस्तूर (प्रति गोटा) | (१) भेडा, बाखा र अन्य यस्तै जीवजन्तु रु.१०।- ,<br>(२) गधा, खच्चर, घोडा रु.१००।—,<br>(३) चौंरीगाई, गोरु रु. २५।—,<br>(४) भैंसी, राङ्गा रु. ५०।— |
| (छ) | सिनेमा (डकुमेन्ट्री, फिल्म) छायाङ्कन दस्तूर: | **कायम गरिएको दस्तूर (रु.)** |
| | नेपाली नागरिकलाई | रु. १०,०००।— |
| | सार्क मुलुकभित्रका नागरिकलाई | रु. ५०,०००।— |
| | अन्य राष्ट्रका नागरिकलाई | यू.एस. डलर १,५००।— बराबरको नेपाली रुपैयाँ |
| | <u>द्रष्टव्यः</u> ड्रोनबाट सिनेमा (डकुमेन्ट्री, फिल्म) छायाङ्कन गर्दा यसको अतिरिक्त थप २५(पच्चीस) प्रतिशत शुल्क लाग्नेछ । | |
| | छायाङ्कन टोलीका साथ विभागले एकजना सम्पर्क अधिकारी खटाउनेछ । | |

| | | |
|---|---|---|
| (ज) | डकुमेन्ट्री बाहेक अन्य प्रयोजनको लागि ड्रोनको प्रयोग गर्दा प्रचलित प्रक्रिया पुरा गरेपछि सिनेमा(डकुमेन्ट्री, फिल्म) छायाङ्कनको लागि तोकिएको दस्तूर लाग्नेछ । | |
| (झ) | निकुञ्जको नदी नाला वा ताल पोखरीमा डुङ्गा चलाए बापत लाग्ने दस्तुरः | |
| | **१.३० मिनेट सम्मको लागी (प्रति व्यक्ति प्रति ट्रिप)** | |
| | नेपाली नागरिकलाई | रु. १००।— |
| | सार्क मुलुकभित्रका नागरिकलाई | रु. ४००।— |
| | अन्य राष्ट्रका नागरिकलाई | रु. १,०००।— |
| | **२. १ घण्टा सम्मको लागी (प्रति व्यक्ति प्रति ट्रिप)** | |
| | नेपाली नागरिकलाई | रु. १५०।— |
| | सार्क मुलुकभित्रका नागरिकलाई | रु. ७००।— |
| | अन्य राष्ट्रका नागरिकलाई | रु. १,५००।— |
| | **३.यस भन्दा माथिको लागि दोब्बर दस्तूर लाग्नेछ ।** | |

**द्रष्टव्यः**

(क) उल्लिखित दस्तूरमा मूल्य अभिवृद्धि कर समावेश भएको छ ।

(ख) रीतपूर्वकको प्रवेशपत्र बाहकलाई मात्र निकुञ्जभित्र प्रवेश गर्न दिइनेछ ।

(ग) घरपालुवा जीवजन्तुलाई राष्ट्रिय निकुञ्जको सुविधा प्राप्त बाटोबाट लैजाँदा दस्तूर लाग्ने छैन।

(घ) गाइड शुल्क बुझाउने गाइडलाई निकुञ्ज प्रवेश दस्तूर लाग्ने छैन ।

(ङ) प्रवेशपत्र वा अनुमतिपत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तूरमा शत प्रतिशत अतिरिक्त दस्तूर लिई प्रवेशको अनुमति दिइनेछ ।

(च) उद्धारको लागि खटिएको हेलिकप्टरलाई शुल्क लाग्ने छैन ।

(छ) चरीचरन वा गोठ राख्नको लागी दिइएको अनुमति पत्र तीन महिनासम्मको लागी मात्र मान्य हुनेछ।"